जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ९२ • २०८३ साल भाद्र ४ गते बिहीबार (20 August, Thursday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## 'छठपछि तराईमा रास्वपाका सांसदमाथि कुटिन्छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले छठ पर्व सकिएपछि मधेशमा रास्वपाका सांसदलाई जनताको पिटाइ खाने दिन आउने चेतावनी दिएका छन् ।

पार्टी सभापति रवि लामिछानेको निर्देशनमा बुधबार बोलाइएको पार्टी, सांसद र मन्त्रीहरूको छलफलका क्रममा रास्वपाका सांसदहरुलाई सचेतसमेत गराए ।

सीमानाकामा कडाइले मधेशीहरूको दैनिक जीवनयापन गाह्रो हुँदै गएकोले अब झन् झन् समस्या आउन सक्ने उनको भनाइ छ ।

सीमापारीबाट सामान ल्याउन एक सय रुपैयाँसम्मलाई भन्सार महसुल छुट दिइए पनि त्योभन्दा बढीको सामान खरिद गर्नेहरूसंग भन्सार शुल्क लिन थालेको थियो । सरकारले सो व्यवस्थालाई कडाइ साथ लागु गरेपछि मधेशमा विरोध भएको थियो ।

सर्वोच्च अदालतमा यस सम्बन्धी रिट दायर भएपछि नागरिकलाई सम्मानजनक व्यवहार गर्न अन्तरिम आदेश जारी गरेको थियो ।

सो शुल्कले अप्ठ्यारो परेको भनेर व्यापक विरोध भएपछि सरकारले अहिले यसमा केही खुकुलो बनाएको छ ।

स्रोतले बैठकमा सांसद सिंहको भनाइ उद्धृत गर्दै भने, 'मलाई एक हप्ता दिनुहोस् म सरकारका १ सय गल्ती निकालिदिन्छु, मधेशमा त छठ पर्व सकिएपछि रास्वपाका सांसदले पिटाइ खाने दिन आउँदैछन् ।'

### एमालेसंग सहकार्यमा उपेन्द्र यादवको प्रश्न

# पार्टीको अनुमति बेगर मन्त्री बनाएको भन्दै यादवको ओलीसंग गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले लुम्बिनी प्रदेशमा पार्टीको केन्द्रीय निर्देशनविपरीत प्रदेश सभा सदस्यलाई सरकारमा सहभागी गराइएको विषयमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसंग प्रश्न गरेका छन् ।

एमाले अध्यक्ष ओली र जसपा नेपालका अध्यक्ष यादवबीच भएको राजनीतिक भेटवार्तामा यादवले पार्टीको अनुमति बेगर जसपा नेपालका प्रदेश सभा सदस्यलाई लुम्बिनी प्रदेश सरकारमा सहभागी गराउनु उचित नभएको भन्दै आपत्ति जनाएका छन् ।

'पार्टीको अनुमतिबेगर तपाईंको मुख्यमन्त्रीले जसपा नेपाललाई सरकारमा सहभागी गराउन मिल्छ ?' यादवले ओलीलाई प्रश्न गरेको स्रोतले जनाएको छ ।

जसपा नेपालका महासचिव डा. सुरेन्द्र कुमार झाले समेत ओलीसंगको भेटमा लुम्बिनी प्रदेशको विषयमा अध्यक्ष यादवले चासो राखेको पुष्टि गरेका छन् । भेटमा राष्ट्रिय राजनीति, मधेश प्रदेश सरकार, लुम्बिनी प्रदेश सरकारलगायत समसामयिक राजनीतिक विषयमा छलफल भएको बताइएको छ ।

जसपा नेपालको केन्द्रीय तहबाट जारी निर्देशनविपरीत लुम्बिनी प्रदेश सभामा रहेका पार्टीका सदस्यहरूले मुख्यमन्त्री चेतनारायण आचार्यलाई विश्वासको मत दिएका थिए । त्यसपछि जसपा नेपालभित्र केन्द्र र प्रदेश तहबीचको मतभेद थप सतहमा आएको छ ।

लुम्बिनी प्रदेश सरकारमा जसपा नेपालका प्रदेश सभा सदस्य भण्डारीलाल अहिरलाई मन्त्रीसमेत बनाइएको छ । तर, यसबारे पार्टीको केन्द्रीय नेतृत्वलाई कुनै जानकारी नदिइएको उनले दाबी गरे ।



अध्यक्ष यादवले लुम्बिनी प्रदेशमा भएको घटनालाई एमालेले सच्याएपछि मात्रै अन्य प्रदेशमा सहकार्यका विषयमा छलफल गर्न सकिने धारणा ओलीसमक्ष राखेको बताइएको छ ।

अध्यक्ष यादवले दलीय प्रणालीलाई कमजोर बनाउने गतिविधिले राजनीतिक दलहरू कमजोर हुने र त्यसले राजनीतिक स्थायित्वमा समेत असर पार्ने बताएका थिए । नेपालको संविधानले बहुदलीय प्रतिस्पर्धात्मक निर्वाचन प्रणालीमा आधारित शासन पद्धति अंगीकार गरेको उल्लेख गर्दै उनले दलीय अनुशासन कायम नभए राजनीतिक स्थायित्वको कल्पना गर्न नसकिने बताएका थिए ।

यता जसपा नेपालका लुम्बिनी प्रदेश सभा सदस्यहरूले भने आफूहरूले पार्टीको निर्णयविपरीत नभइ संसदीय दलको बैठकबाट औपचारिक निर्णय गरेर सरकारलाई समर्थन गरेको दाबी गरेका छन् ।

लुम्बिनी प्रदेश सरकारका सामाजिक विकासमन्त्री सन्तोष कुमार पाण्डेले संसदीय दलको बैठकले सर्वसम्मत निर्णय गरी सरकारलाई समर्थन गर्ने निर्णय गरेको बताए ।

'हामी पनि जसपा नेपालका नेता हौं । दुई-दुई पटक चुनाव जितेका छौं । हाम्रो पनि मान-प्रतिष्ठा छ । हामी पनि निर्णायक ठाउँमा छौं । निर्णय गर्ने अधिकार हामीलाई पनि छ,' पाण्डेले भने, 'त्यही भएर संसदीय दलको बैठक बसेर सर्वसम्मतिले निर्णय गरी सरकारलाई निरन्तरता दिएका हौं ।'

पाण्डेले मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिइसकेपछि मात्रै केन्द्रबाट निर्देशनात्मक पत्र आएको दाबी गरे । त्यसैले विश्वासको मत दिइसकेपछि आएको पत्रको औचित्य नरहेको उनले प्रस्ट्याए ।

उनले आफूहरू नयाँ रूपमा सरकारमा सहभागी नभएको, आफूहरू सरकारमा रहेकै अवस्थामा गठबन्धनमा फेरबदल भएकाले सरकारको निरन्तरता मात्र भएको दाबी गरे ।

जसपा नेपालका महासचिव झाले लुम्बिनी प्रदेशमा यसअघि मन्त्री बनेका पार्टीका नेताहरूबाट पार्टी संगठन र कार्यकर्ताले के पाए भन्ने प्रश्नसमेत उठाए ।

उनले मधेश आन्दोलनका शहीदको सम्मानमा प्रतिष्ठानसमेत निर्माण गर्न नसकेको आरोप लगाउँदै कांग्रेस र एमालेका नेताको सम्मानमा भने बजेट विनियोजन गरिएको गुनासो गरेका छन् ।

त्यस्तै अग्रगामी मोर्चाले लुम्बिनी प्रदेशमा एमालेले जसपा नेपालका प्रदेश सभा सदस्यलाई जबर्जस्ती सरकारमा सहभागी गराएको भन्दै आपत्ति जनाएको छ ।

मोर्चाले प्रदेश सभाको अर्को निर्वाचन नभएसम्म सरकारमा सहभागी नहुने निर्णयसमेत गरेको बताइएको छ । लुम्बिनी प्रदेशको सरकारमा जसपा नेपालका सांसदको सहभागिता र पार्टी केन्द्रको निर्देशनबीच देखिएको अन्तरविरोधले एमाले र जसपा नेपालबीचको सम्बन्धमा थप तनाव सिर्जना गरेको छ ।

एकातिर जसपा नेपालको केन्द्रीय नेतृत्वले पार्टीको अनुमति बेगर प्रदेश सांसदलाई मन्त्री बनाइएको भन्दै एमाले नेतृत्वसंग प्रश्न उठाएको छ भने अर्कोतर्फ लुम्बिनीका जसपा नेपाल सांसदहरूले संसदीय दलको निर्णयअनुसार सरकारलाई समर्थन गरेको दाबी गरेका छन् ।

# मधेशमा सामाजिक सञ्जालबाट प्रचार तीव्र, पारदर्शीतामाथि प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा सामाजिक सञ्जाल राजनीतिक दल, उम्मेदवार तथा विभिन्न राजनीतिक अभियानका लागिसमेत प्रचारप्रसारको महत्वपूर्ण माध्यम बन्दै गएको छ । फेसबुक, टिकटक, इन्स्टाग्रामलगायत डिजिटल प्लेटफर्ममार्फत निर्वाचनदेखि समसामयिक राजनीतिक मुद्दासम्म लक्षित विज्ञापन गर्ने क्रम बढे पनि मधेशमा दलगत रूपमा कति रकम खर्च भइरहेको छ भन्ने बारे लेखाजोखा नै छैन ।




नेपालमा सन् २०२२ सेप्टेम्बरदेखि सामाजिक मुद्दा, निर्वाचन र राजनीतिसँग सम्बन्धित फेसबुक तथा इन्स्टाग्राम विज्ञापनमा ३ लाख ६६ हजार ८ सय ५० अमेरिकी डलर खर्च भएको मेटा एड लाइब्रेरीको तथ्यांकले देखाउँछ । यो रकम नेपाली रुपैयाँमा करिब ४ करोड ८० लाखभन्दा बढी हुन्छ । चार वर्षको अवधिमा ३९ हजार ६ सय ३६ वटा यस्ता विज्ञापन प्रसारण भएका छन् ।

मधेशमा भने सामाजिक सञ्जालको राजनीतिक उपयोगको प्रभाव विशेष रूपमा हुँदै आएको छ । प्रदेशका आठवटै जिल्लामा राजनीतिक दल, नेता, सम्भावित उम्मेदवार र विभिन्न अभियानले फेसबुक पेज तथा प्रायोजित सामग्रीमार्फत मतदाता तथा नागरिकलाई लक्षित गर्ने गरेको छ । स्थानीय तह, प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनका बेला यस्तो प्रचार अझ तीव्र हुने गरेको छ ।

उपलब्ध राष्ट्रिय तथ्यांकअनुसार सामाजिक-राजनीतिक विज्ञापनमा सबैभन्दा बढी खर्च गर्ने संस्थामा युनिसेफ अगाडि छ । युनिसेफले ३ सय १६ वटा विज्ञापनका लागि २० हजार ८० अमेरिकी डलर खर्च गरेको छ । त्यसपछि एकीकृत नेपालले १४ हजार ८३ र 'माई भ्वाइस काउन्ट्स'ले ८ हजार ६ सय ५६ अमेरिकी डलर खर्च गरेका छन् ।

पछिल्लो ९० दिनमा 'माई भ्वाइस काउन्ट्स'ले मात्रै २ हजार ३ सय ७४ अमेरिकी डलर खर्च गरेको छ । 'रुटिन अफ झापा ५'ले ५ सय ४६ र 'सियन चे मेडिकल इन्स्टिच्युसन'ले २ सय ५७ अमेरिकी डलर खर्च गरेका छन् । पूर्वअर्थमन्त्री प्रकाशशरण महतको सचिवालयले पछिल्लो ३० दिनमा १ सय ३१ अमेरिकी डलर तथा 'साझा पाटी'ले १ सय ७३ अमेरिकी डलर विज्ञापनमा खर्च गरेको देखिन्छ ।

मधेशमा कुन दलले सामाजिक सञ्जालमा सबैभन्दा बढी रकम खर्च गर्छ भन्ने छुट्टै प्रदेशगत आधिकारिक तथ्यांक सार्वजनिक नहुँदा दलगत तुलना गर्न कठिन छ । तर निर्वाचनका समयमा दलका आधिकारिक पेज, उम्मेदवारका व्यक्तिगत पेज तथा स्थानीय राजनीतिक समूहले फेसबुक र अन्य डिजिटल माध्यमलाई प्राथमिक प्रचार माध्यम बनाउने प्रवृत्ति बढेको छ । परम्परागत पोस्टर, पर्चा र आमसभाको तुलनामा सामाजिक सञ्जालले कम खर्चमा निश्चित क्षेत्र, उमेर समूह, लिंग तथा रुचिअनुसार मतदातासम्म सन्देश पुऱ्याउन सक्ने भएकाले दलहरूको आकर्षण बढेको छ ।

मेटाको नीति अनुसार राजनीतिक विज्ञापनमा खर्च गर्ने स्रोत खुलाउने डिस्क्लेमर आवश्यक हुन्छ । तर नेपालमा डिस्क्लेमरबिनै विज्ञापन सञ्चालन भएको तथ्यांकसमेत देखिन्छ । सिन्ह्वा न्युजले ३ सय १० वटा विज्ञापन डिस्क्लेमरबिना चलाएको उल्लेख छ । इन्डो-प्यासिफिक डिफेन्स फोरम, ग्लोबल टाइम्स र युनाइटेड नेसन्स एलायन्स अफ सिभिलाइजाजेसनजस्ता संस्थाले पनि लगानीकर्ता नखुलाई विज्ञापन गरेको पाइएको छ ।


नेपाल सरकारले डिजिटल विज्ञापनलाई औपचारिक नियमनको दायरामा ल्याउने प्रयाससमेत अघि बढाएको छ । 'राष्ट्रिय विज्ञापन नीति, २०८३' ले सामाजिक सञ्जालमा गरिने स्पन्सर्ड कन्टेन्ट र इन्फ्लुएन्सर मार्केटिङमा स्वघोषणाको व्यवस्था गरेको छ । साथै कृत्रिम बुद्धिमत्ता प्रयोग गरी तयार गरिएका डिपफेकजस्ता विज्ञापन नियमन गर्ने नीति लिइएको छ ।


निर्वाचन आयोगले पनि २०७९ को स्थानीय तह निर्वाचनदेखि मेटा र टिकटकजस्ता प्रविधि कम्पनीसँग सहकार्य गरी सामाजिक सञ्जालको राजनीतिक प्रचार नियमन गर्ने प्रयास थालेको थियो । त्यसपछि नेपाललाई मेटाको एड लाइब्रेरीमा समावेश गरी राजनीतिक, सामाजिक तथा निर्वाचनसम्बन्धी विज्ञापन र त्यसमा भएको खर्चको विवरण सार्वजनिक गर्न थालिएको छ ।

फेसबुक तथा इन्स्टाग्राममार्फत नेपाललाई लक्षित विज्ञापनमा १३ प्रतिशत भ्याट लाग्ने व्यवस्था छ । वार्षिक ३० लाख रुपैयाँभन्दा बढी कारोबार गर्ने विदेशी प्रविधि कम्पनीले कारोबार मूल्यमा २ प्रतिशत विद्युतीय सेवा करसमेत तिर्नुपर्छ ।

ठूला करदाता कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा आठ विदेशी कम्पनीबाट ९ करोड १७ लाख रुपैयाँ भ्याट संकलन भएको थियो । २०८०/८१ मा १८ कम्पनीबाट ३५ करोड ८५ लाख र २०८१/८२ मा १९ कम्पनीबाट ४२ करोड ६५ लाख रुपैयाँ भ्याट संकलन भएको छ । विद्युतीय सेवा करतर्फ पनि २०८०/८१ मा ४ करोड ८९ लाख ९५ हजार रुपैयाँ संकलन भएकामा २०८१/८२ मा ६ करोड ३५ लाख ४२ हजार रुपैयाँ पुगेको छ ।

मधेशमा सामाजिक सञ्जालको राजनीतिक प्रयोग बढ्दै जाँदा आगामी निर्वाचनमा यसको भूमिका अझ निर्णायक हुने देखिन्छ । तर विज्ञापनमा हुने खर्च, स्रोत, लक्षित समूह र प्रायोजकको पहिचान स्पष्ट नभए डिजिटल प्रचारले पारदर्शिताभन्दा भ्रम र असमान प्रतिस्पर्धालाई बढावा दिन सक्ने जोखिम छ । त्यसैले मधेशका राजनीतिक दल र उम्मेदवारले सामाजिक सञ्जालमा गर्ने खर्चलाई सार्वजनिक तथा व्यवस्थित अभिलेखमा राख्ने र निर्वाचन आयोगले प्रदेश तथा निर्वाचन क्षेत्रगत रूपमा यसको निगरानी बढाउने आवश्यकता देखिएको जानकारहरु बताउँछन् ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पार्टी नियन्त्रण बाहिर प्रदेश

नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था लागु भएसंगै गठन भएको प्रदेश संरचनामाथि नै अनेक प्रश्नहरु उठन थालेका छन् । प्रदेशमा रहेको दलीय सांसदहरु दलको नियन्त्रण भन्दा बाहिर गएका छन् । प्रदेशमा पटक पटक भइरहने सरकार परिवर्तनले सांसदहरु मन्त्री बन्न लोकतान्त्रिक मान्यता र मर्यादा विपरीत काम गर्न थालेका छन् । दलको निर्देशन समेतलाई बेवास्ता गर्दै सांसदहरुले आफू खुशी गर्न थालेका छन् । त्यसले प्रदेशमा छाडापन बढेको छ । सांसदहरु दलको नियन्त्रण बाहिर गएसंगै लोकतान्त्रिक विधि र प्रक्रिया कमजोर भएको छ । प्रदेशमा दलगत संरचना विरुद्ध गतिविधि गर्नेमा सबै दलका सांसदहरु छन् । तर ठूला दलका सांसदहरुको भन्दा साना दलको सांसदहरुको गतिविधि निकै खराब देखिएको छ । हुन त साना दलका सांसदहरुलाई अनेक प्रलोभनमा पारेर गैरलोकतान्त्रिक गतिविधिमा लगाउने ठूला दलका सांसदहरु नै हुन् । ठूला दलहरुले सत्ता समीकरण फेर्न साना दलका सांसदहरुलाई दलगत मर्यादा बाहिर लग्ने गरेको छ । पछिल्लो पटक लुम्बिनी प्रदेश सरकार गठनको क्रममा जनता समाजवादी पार्टी(जसपा) नेपालका सांसदहरुलाई पार्टीको निर्णय विपरीत एमाले र नेकपाको गठबन्धनले सरकारमा सहभागी गराएको छ । एमाले र नेकपा गठबन्धनको सरकारमा सहभागी नहुने निर्णय गरेको जसपा नेपालले लुम्बिनी प्रदेशका सांसदहरुलाई सरकारलाई समर्थन नगर्न निर्देशन दिएको थियो । तर ५ जना सांसद रहेको जसपा नेपालबाट ४ जना सांसदले सरकारलाई विश्वासको मत दिँदै मन्त्रिमण्डलमा सहभागी भएका छन् । यसले जसपा नेपालको पकड प्रदेशमा निकै कमजोर भएको छ । जसपाको नियन्त्रणमा सांसदहरु नै नरहने भएपछि सत्ता साझेदार दलहरुले समेत उपेक्षा गर्न थालेको छ । बागमती प्रदेशमा पनि केन्द्रीय निर्णय विपरीत राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) का सांसदहरुले सरकारमा सहभागी हुने निर्णय गरेको छ । बागमती प्रदेशमा पनि एमाले र नेकपाको गठबन्धन सरकारलाई राप्रपा सांसदको समर्थन चाहिएको थियो । राप्रपा केन्द्रको नियन्त्रण बाहिर प्रदेश सांसदहरु गएका छन् । त्यस अघि मधेश प्रदेशमा पनि राप्रपाको एकमात्र सांसदले पार्टी निर्णय विपरीत एमालेको सरकारमा सहभागी भएकी थिइन् । पार्टीले कारबाही गरेपछि उनको सदस्यता समाप्त भएको हो । मधेश प्रदेशमा जनमत पार्टीका सांसदहरुले पनि केन्द्रीय निर्णय विपरीत आफ्नै दलका सरकार विरुद्ध लागेका थिए । जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतीश कुमार सिंहले पार्टीको निर्णय अटेरगर्दै राजिनामा गरेका थिएन् । कोशी प्रदेशमा कांग्रेसका मुख्यमन्त्रीले समेत पार्टी निर्देशन विपरित विश्वासको मत लिने असफल प्रयास गरेका थिए । संघीयताको जडो भनेकै प्रदेश संरचना हो । तर दोस्रो कार्यकालमा प्रदेश संरचनाको उपहास गरिएको छ । यसले प्रदेश संरचना खारेज गर्ने पक्षधरलाई मलजल भएको छ । सत्ता भनेको स्थिर होइन । पार्टीप्रतिको जिम्मेवारी र विश्वास भत्किएकोले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै धक्का लागेको छ ।

# रगतको नाताभन्दा ठूलो सामाजिक नाता



सलाउद्दीन अहमद

सुनसरीको देवानगञ्जमा भएको हिंसाको घटना सामान्य घटना होइन। यस्ता घटनाले केही व्यक्तिलाई मात्र पीडा दिँदैनन्, यसले समाजको विश्वास, आपसी सम्बन्ध र सद्भावको जगलाई समेत कमजोर बनाउँछ। एउटा समाज, जहाँ मानिसहरू वर्षौंदेखि एकअर्काको सुख-दुःखमा साथ दिँदै आएका हुन्छन्, त्यही समाजमा धर्म, जात वा पहिचानका नाममा दूरी र द्वेष पैदा हुनु अत्यन्त दुःखद कुरा हो।

देवानगञ्जको घटनालाई म नजिकबाट नियाल्दा आफ्नो समाजलाई सम्झन्छु। मेरो घर धोबिनी हो। म धोबिनीमै जन्मिएँ। मेरा आमाबुबा मुस्लिम हुनुहुन्थ्यो र म मुस्लिम परिवारमा जन्मिएँ। त्यसैले मैले मुस्लिम संस्कार, परम्परा र धार्मिक अभ्यासमै हुर्कने अवसर पाएँ र मुस्लिम बनेँ।

तर कहिलेकाहीँ म आफैँलाई एउटा प्रश्न गर्छु– यदि म अर्को परिवारमा जन्मिएको भए के हुन्थ्यो?

सायद म त्यही परिवारको धर्म, संस्कार र परम्परामा हुर्किन्थेँ। मेरो पहिचान पनि त्यही परिवेशले निर्माण गर्थ्यो। यो कुरा बुझ्नु नै हाम्रो समाजलाई बुझ्ने एउटा महत्वपूर्ण आधार हो।

मानिस कुन धर्ममा जन्मिन्छ भन्ने कुरा उसको रोजाइ होइन; तर उसले अरू धर्म र मानिसप्रति कस्तो व्यवहार गर्छ भन्ने कुरा उसको मानवता र संस्कारको परिचय हो।

म जन्मेको समाजमा मुस्लिम मात्र थिएनन्। हजाम (ठाकुर) पटेल (कुर्मी) लगायत विभिन्न समुदायका मानिसहरू हाम्रो छिमेकमा बस्नुहुन्थ्यो। तर हामीले उनीहरूलाई जात वा धर्मको दूरीबाट हेरेनौँ। हामीले सम्बन्ध बनाएर बोलायौँ–कसैलाई काका भन्यौँ, कसैलाई बाबा, कसैलाई दाइ, कसैलाई भैया।

रामदयाल बाबा, असर्फी काका, गोपिचन बाबा, नथुनी काका, नन्दलाल काका , भतिज प्रह्लाद । यी नामहरू मेरो स्मृतिमा केवल व्यक्तिका नाम होइनन्; यी मेरो सामाजिक जीवनका सम्बन्ध हुन्।

आज पनि उहाँहरूमध्ये धेरैले मलाई आफ्नो छोराजस्तै सम्झेर 'बाबु' भनेर सम्बोधन गर्नुहुन्छ। त्यो सम्बन्ध कुनै रगतको सम्बन्ध होइन। तर के त्यो सम्बन्ध रगतको सम्बन्धभन्दा कमजोर छ?

मलाई लाग्दैन।

हाम्रो समाजमा सम्बन्धका दुईवटा आयाम छन्–रगतको नाता र सामाजिक नाता।

बुबा-छोरा, दाजु-भाइ, काका-भतिजा, हजुरबुबा-नाति, मामा-भान्जा जस्ता सम्बन्ध रगतले जोडिन्छन्। तर छिमेकी, साथी, सहकर्मी र समाजका मानिसहरूसँग निर्माण हुने सम्बन्ध रगतले होइन, विश्वास, आत्मीयता, सहकार्य र मानवीय व्यवहारले जोडिन्छ।

मेरो जीवनमा यस्ता सामाजिक सम्बन्धको गहिरो अनुभव छ।

मेरो छिमेकमा पढेलेखेका व्यक्तिका रूपमा सबैभन्दा पहिले ठाकुरराम क्याम्पस पुग्नुभएका मुकेश भैया हुनुहुन्छ। म उहाँलाई 'भैया' भनेर सम्बोधन गर्छु। उहाँकै भाइ बृजलाल मेरो परममित्र हुनुहुन्छ। हाम्रो सम्बन्ध कुनै एउटै धर्म वा जातले निर्माण गरेको होइन। समाजले हामीलाई जोडेको हो।

त्यसैले म जब देवानगञ्जको घटना सम्झन्छु, मेरो आफ्नै समाजका मानिसहरूको अनुहार सम्झन्छु।

मेरो बुबा जीवनको अन्तिम समयमा वीरगञ्जमै हुनुहुन्थ्यो। उहाँ भोजपुरी भाषामा बोल्न रुचाउनुहुन्थ्यो। उहाँका एक परममित्र हुनुहुन्थ्यो–परमा काका।

बुबाले अन्तिम समयतिर पनि बारम्बार भन्नुहुन्थ्यो–"परमा काका, आवऽ ना।"

त्यो सम्बोधनमा एउटा गहिरो आत्मीयता थियो।

म परमा काकाको घर जाँदा उहाँलाई भन्ने गर्थें– "बुबाले तपाईंलाई सधैं सम्झनुहुन्छ।"

यो सम्झना मेरो लागि केवल व्यक्तिगत घटना होइन। यसले हाम्रो समाजको एउटा सुन्दर सत्य देखाउँछ–मानिसको सम्बन्ध धर्म र जातभन्दा धेरै माथि हुन सक्छ।

वीरगञ्ज मेरो कर्मथलो हो। धोबिनी मेरो जन्मथलो हो। हाम्रो जस्तो समाजमा धेरै मानिसको घर गाउँमा हुन्छ, तर रोजगारी, व्यवसाय वा अन्य कारणले उनीहरू सहरमा बसोबास गर्छन्। तर गाउँबाट ल्याएको सम्बन्ध सहरमा आएर समाप्त हुँदैन। बरु ती सम्बन्धहरू नयाँ ठाउँमा पनि फैलिन्छन्।

त्यसैले देवानगञ्जमा कुनै मुस्लिम व्यक्ति पीडित हुँदा एउटा अर्को समुदायको मानिसले 'यो त हाम्रै छोरा हो' भनेर आँसु झार्नु अस्वाभाविक होइन।

त्यो आँसु धर्मको आँसु होइन।

त्यो मानवताको आँसु हो।

हामीले यही भावनालाई जोगाउनुपर्छ।

हामीले समाजलाई धर्मका आधारमा बाँड्यौँ भने समाज कमजोर हुन्छ। जातका आधारमा बाँड्यौँ भने समाज कमजोर हुन्छ। राजनीतिक स्वार्थका आधारमा मानिसलाई एकअर्काको शत्रु बनायौँ भने अन्ततः हार्ने हामी सबै हुन्छौँ।

धर्म मानिसको व्यक्तिगत आस्था हो। कसैले कुन धर्म मान्ने, कुन संस्कार अपनाउने भन्ने उसको व्यक्तिगत स्वतन्त्रताको विषय हो। तर धर्मको नाममा अर्को मानिसप्रति घृणा फैलाउने अधिकार कसैलाई छैन।

नेपालको सुन्दरता नै यसको विविधतामा छ। हिमालदेखि तराईसम्म, पूर्वदेखि पश्चिमसम्म, विभिन्न जाति, भाषा, धर्म, संस्कृति र परम्परा भएका मानिसहरू शताब्दीयौँदेखि एउटै सामाजिक संरचनामा बाँधिएर बसेका छन्।

हाम्रो छिमेकमा 'काका' भन्न मिल्ने मानिस मुस्लिम हुनैपर्छ भन्ने छैन। 'दाइ' भन्न मिल्ने मानिस आफ्नो जातको हुनैपर्छ भन्ने छैन। 'बाबा' भन्न मिल्ने मानिससँग रगतको सम्बन्ध हुनैपर्छ भन्ने पनि छैन।

सम्बन्ध जन्मले मात्र बनाउँदैन; व्यवहारले पनि बनाउँछ।

त्यसैले देवानगञ्जको हिंसाबाट हामीले एउटा गम्भीर पाठ सिक्नुपर्छ–हामीले समाजलाई विभाजन गर्ने होइन, जोड्ने भाषा बोल्नुपर्छ।

हिंसाले कसैको धर्मको रक्षा गर्दैन। हिंसाले कसैको जातको सम्मान बढाउँदैन। हिंसाले केवल मानिसलाई मानिसबाट टाढा बनाउँछ।

हामीले आफ्ना छोराछोरीलाई पनि यही सिकाउनुपर्छ–तिमी जुन धर्ममा जन्मियौ, त्यसमा आस्था राख; तर अर्को धर्म मान्ने मानिसलाई सम्मान गर्न कहिल्यै नछोड।

किनकि अन्ततः हामी सबैभन्दा पहिले मानिस हौँ।

हाम्रो रगत फरक हुन सक्छ, हाम्रो प्रार्थनाको शैली फरक हुन सक्छ, हाम्रो भाषा फरक हुन सक्छ, हाम्रो संस्कार फरक हुन सक्छ। तर दुःखमा आँसु एउटै हुन्छ, खुसीमा मुस्कान एउटै हुन्छ र मृत्युको पीडा सबैका लागि उस्तै हुन्छ।

त्यसैले देवानगञ्जको घटनालाई केवल एउटा हिंसात्मक घटनाका रूपमा हेरेर बिर्सनु हुँदैन। यसलाई हामीले आफ्नो समाजका लागि चेतावनीका रूपमा लिनुपर्छ।

हामीले समाज बाँडेर अगाडि बढ्न सक्दैनौँ।

हामीले समाज जोडेर मात्र अगाडि बढ्न सक्छौँ।

रगतको नाता सीमित हुन सक्छ, तर सामाजिक नाताको सीमा हुँदैन।

यही सामाजिक आत्मीयता नेपालको शक्ति हो। यही हाम्रो गाउँको सुन्दरता हो। यही हाम्रो सहरको पहिचान हो। र यही भावनाले हामीलाई मानव बनाइराख्छ।

त्यसैले आजको आवश्यकता एउटै छ–

धर्ममा आस्था राखौँ, तर धर्मका नाममा दूरी नबनाऔँ।

आफ्नो पहिचानमा गर्व गरौँ, तर अरूको पहिचानको सम्मान गर्न नबिर्सौँ।

रगतको नाता जोगाऔँ, तर सामाजिक नातालाई अझ बलियो बनाऔँ।

किनकि अन्ततः हामी सबैको साझा परिचय एउटै हो–

हामी मानिस हौँ।

# भारतको नागरिक-केन्द्रित कुटनीति



● श्रीमन नारायण

परम्परागत रुपमा कूटनीतिलाई राजनीतिक, आर्थिक र सुरक्षासँग सम्बन्धित चालकहरुमा मात्र वार्तामा केन्द्रित राज्यहरुबीचको द्विपक्षीय सम्बन्धको आचरणको रुपमा बुझिन्थ्यो । यद्यपि, विश्वव्यापीकरण, द्रुत वैज्ञानिक र प्राविधिक विकास तथा बढदो गतिशीलका कारण धरातलीय वास्तविकतामा ठुलो परिवर्तन देखेपछि वर्तमन शताब्दिको आगमनले नयाँ आयामहरु केन्द्रित कुटनीतिको दायरालाई रुपान्तरण र विस्तार गरियो । भारत पनि यस परिवर्तनवाट मुक्त रहन सकेन र नागरिक केन्द्रित कुटनीतिलाई आफनो मनमा राखेर विदेश नीति अपनायो । यो नीतिले देशको नागरिकको कल्याण, सुरक्षा र हितलाई आफनो केन्द्रमा राख्छ, जसले भारतीय नागरिकहरुलाई यसको बाहय संलग्नताको एक महत्वपूर्ण भाग बनाउँछ, जसले गर्दा विदेश मन्त्रालयलाई उनीहरुको आवश्यकताहरुमाथि बढी उत्तरदायी बनाएको छ । यसै सेरोफेरोमा भारतका अवकाश प्राप्त राजदुत जितेन्द्र कुमार त्रिपाठीले बडो सान्दर्भिक विचारहरु राखेका छन्, जो नागरिक केन्द्रित कुटनीतिको महत्व र सान्दर्भिकतालाई दर्शाउँछ । भोलीका दिनमा यो नेपाल जस्तो देशको निम्ति पनि उपयोगी सावित हुन सक्दछ । नेपालका पनि लाखौं व्यक्तिहरु विदेशमा बस्छन्, उनीहरु सँगको निरन्तरको सम्वाद, सम्पर्क र सहकार्यले देशको पराराष्ट्रनीतिलाई पनि प्रभावकारी बनाउनमा उपयागी सावित हुन सक्दछ ।

यो विकसित कसरी भयो : गत शताब्दिको प्रारम्भ सम्म, विदेशमा बस्ने भारतीयहरु (एनआरआई) र भारतीय मुलका व्यक्तिहरुका लागि भारत सरकारको नीतिहरुमा कुनै स्थान थिएन किनकी उनीहरुलाई भारतको विकासमा कुनै योगदान नदिई आफनै व्यक्तिगत स्वार्थका लागि भारतवाट पलायन गरेका व्यक्तिहरु मानिन्थ्यो । यद्यपि, यस शताब्दिको शुरुवातमा यो महसुस भयो कि भारतीयहरुले रेमिट्यान्स र लगानीको माध्यमवाट आफनो मातृभूमिको अर्थतन्त्रमा मात्र योगदान गर्दैनन आफु बसोवास गर्ने सरकारहरुमा पनि महत्वपूर्ण भूमिका खेल्छन् । भारतीय डायस्पोराको महत्व यस तथ्यवाट बुझन सकिन्छ कि हाल ३५.४ मिलियन भन्दा बढी जनसंख्या भएको भारतीय डायस्पोराले गत आर्थिक वर्षमा १३५.४६ अर्ब अमेरिकी डलर रेमिटयान्समा पठाएको छ । यस बाहेक भारतीय मुलका धेरै व्यक्तिहरु शैक्षिक संस्थाहरु र तिनीहरुका सरकारहरुमा महत्वपूर्ण पदहरुमा पुगेका छन्, जसले भारतको विदेश नीतिमा एनआरआईको महत्वलाई जोड दिन्छ । यद्यपि, हालै भारतीय सरकारले प्रतिभा र स्रोत साधनको यो विशाल भण्डारमा बढी ध्यान दिन थालेका छन् । वार्षिक सम्मेलन र प्रवासी पुरस्कारहरुले भारतीय प्रवासीका प्रतिस्थित व्यक्तिहरुसम्म पहुँचलाई गति दिएको थियो । विदेश मन्त्रालयले रोजगारी, व्यवसाय वा शैक्षिक उद्देश्यका लागि विदेश भ्रमण गर्ने भारतीय नागरिकहरुको कल्याण सुनिश्चित गर्ने धेरै पहलहरु गरेको छ ।

नागरिक केन्द्रित कुटनीतिका प्रमुख विशेषताहरु : यी पहलहरुले राहदानीको आवेदन देखि भिसा, यात्रा, सुरक्षित बसाई र भारत फर्कने अवधिलाई समेट्छन् । विदेश भ्रमण गर्न इच्छुक भारतीयहरुको बढदो संख्यालाई ध्यानमा राख्दै, सरकारले सबै जिल्लाहरुमा नयाँ राहदानी कार्यालयहरु, राहदानी आवेदन केन्द्रहरु खोलेको छ, प्रक्रियालाई डिजिटलाईज गरेको छ र अन्तर्राष्ट्रिय यात्रालाई सहज बनाउन थप अन्तर्राष्ट्रिय विमानस्थलहरु खोलेको छ । पिडीओटी (प्रस्थान अघि अभिमुखीकरण र प्रशिक्षण) कार्यक्रमहरु सञ्चालनमा छन्, विदेशमा रहेका भारतीयहरुको स्वास्थ्य बीमा सुनिश्चित गर्न प्रवासी भारतीय बीमा योजना सुरु गरिएको छ, आठ देशहरुसँग आप्रवासन र गतिशीलता साझेदारी सम्झौताहरु हस्ताक्षर गरिएको छ र भारतीय कामदारहरुको लागि उचित कार्य वातावरण सुनिश्चित गर्न उन्नाइस देशहरुसँग सामाजिक सुरक्षा सम्झौताहरु हस्ताक्षर गरिएको छ । त्यस्ता नागरिकहरुलाई नियम र विनियमहरुको बारेमा शिक्षित गर्न ई-माईग्रेट आवेदन पनि सुरु गरिएको छ । यसले रोजगार भिसा, रोजगारदाताको स्थिति र सम्भावित कामदारलाई उसले प्रदान गरेको बीमा कभरको पनि जाँच गर्दछ । सरकारले विदेशमा रहेका भारतीय नागरिकहरुको आवश्यकताहरु पुरा गर्न थप दुतावास र वाणिज्य दुतावासहरु खोलेको छ । त्यस क्षेत्रमा बसोवास गर्ने भारतीयहरुको कल्याण सुनिश्चित गर्न कन्सुलर शाखावाट अलग एउटा भारतीय सामुदायिक शाखा स्थापना गरिएको छ । आपतकालीन अवस्थामा हाम्रा नागरिकहरुलाई अस्थायी आश्रय, कानूनी सहायता र भारतको हवाई टिकट मार्फत सहयोग गर्न विदेशमा रहेका हाम्रा सबै कुटनीतिक नियोग र पोस्टहरुमा भारतीय सामुदायिक कल्याण कोष स्थापना गरिएको छ । यसका साथै, भारतीय समुदायको गुनासो सुन्न र सम्बोधन गर्न नियमित अन्तरालमा भारतीय दुतावासहरुमा खुला मंचहरु आयोजना गरिदै आएको छ । यस बाहेक, सरकारले हिंसाग्रस्त क्षेत्रहरुमा फसेका भारतीय नागरिकहरुको लागि धेरै सफल उद्धार कार्यहरु सञ्चालन गरेको छ । युक्रेन, दक्षिण सुडान, यमन हालैका केही यस्ता कार्यहरु हुन ।

चुनौतीहरु : नागरिक केन्द्रित कुटनीतिले पनि आफनै चुनौतिहरुको सामना गर्छ । विभिन्न उद्देश्यका लागि विदेश भ्रमण गर्ने भारतीयहरुको बढदो संख्याले पहिले नै जनशक्तिको अभाव र स्रोत साधनको अभाववाट ग्रस्त हाम्रा मिसनहरुमा भारी दबाब सिर्जना गरेको छ । अस्थिर परिस्थितिलाई ध्यानमा राख्दै युद्धग्रस्त देशमा भारतीय समुदायलाई प्रभावकारी रुपमा सहयोग गर्नु पनि चुनौतिपूर्ण हुन्छ । भारतीय दलालहरु र सामाजिक सञ्जालहरु र विभिन्न स्थानीय कानूनी प्रणालीहरुवाट हुने गलत जानकारीले समस्याहरुलाई अझ जटिल बनाउँछ ।

अगाडी बढने बाटो : विदेशमा रहेका नियोगहरुको लागि पर्याप्त धर्मचारी र कोषको विनियोजन र त्यहाँ पोष्ट गर्नु अघि उनीहरुको पर्याप्त तालिमले चुनौतीहरुलाई कम गर्न सक्छ । रोजगारी वा शिक्षाको लागि विदेश जाने प्रत्येक भारतीयको लागि प्रस्थान पूर्व अभिमुखीकरण अनिवार्य बनाउनु पर्छ । भारतीयहरुलाई भ्रमित गर्ने दलालहरु माथि अंकुश लगाउनु अत्यावश्यक छ ।

निष्कर्ष : कुटनीतिमा नागरिकको महत्व अन्तत : महसुस भएको छ र भारत सरकारले वस्तुनिष्ठ र सकारात्मक दृष्टिकोणका साथ उनीहरुको मुद्दालाई सम्बोधन गरिरहेको छ थप स्रोतसाधनको विनियोजन र दलालहरु विरुद्ध कडा कारवाहीसँगै, भारतको नागरिक केन्द्रित कुटनीतिक निश्चित रुपमा बढी फल दिनेछ ।

नेपाल सरकारले पनि गैर आवासीय नेपालीहरुलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको गैर आवासीय नेपाली नागरिकता दिने गरेको छ, यसवाट नेपालमा व्यापार तथा लगानी गर्न सहज व्यवस्था र विदेशी मुद्राको बैंक खाता खोल्ने सुविधा जस्ता महत्वपूर्ण अवसरहरु प्रदान गरेको छ ।

नेपालको विभिन्न क्षेत्रमा सहज रुपमा पुँजी लगानी गर्ने र मुनाफा सहित रकम फिर्ता लैजाने कानूनी बाटो खुल्ला गरिएको छ । नेपालमा आफना नाममा चल । अचल सम्पति आर्जन गर्न, राख्न र बिक्री गर्न पाउने सुविधा छ । नेपाल नागरिकता ऐन २०६३ को दफा ७ (क) गैर आवासीय नेपाली नागरिकता सम्बन्धी व्यवस्था गरिएको छ । जस अनुसार विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाका राष्ट्र बाहेकका देशमा बसोवास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्जै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्रमाण पत्र पाउन सक्नेछ ।

नेपालको अर्थतन्त्र नै अहिले विदेशवाट आउने रेमिटयान्सको भरमा टिकको छ, यस्तोमा एनआरएनलाई सुविधा दिनुपर्छ । एनआरएनहरु हाम्रो निम्ति विदेशमा बसेर पनि इमान्दारीपूर्वक काम गरिरहेका छन् । उनी सम्पर्क सुत्र छन् ।


दक्षिणी छिमेकी भारतले यसको महत्वलाई राम्ररी बुझेको छ र नागरिक केन्द्रित कुटनीतिलाई महत्व दिएको छ, यसलाई आफनो प्राथमिकतामा राखेको छ ।




**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** आजको दिन आत्मविश्वास बढ्नेछ ।
**वृष :** मेहनत अनुसार राम्रो परिणत प्राप्त हुने दिन छ ।
**मिथुन :** नयाँ योजना बनाउन अनुकूल समय छ।
**कर्कट :** मनमा रहेको केही अन्योल हट्नेछन् ।
**सिंह :** नेतृत्व क्षमता देखाउने अवसर प्राप्त हुनेछ ।
**कन्या :** आज मेहनत र धैर्यको राम्रो परिणाम प्राप्त हुनेछ ।
**तुला :** महत्वपूर्ण निर्णय लिनुपर्ने अवस्था आउन सक्छ ।
**वृश्चिक :** आज आत्मबल बढ्नेछ र कठिन काम पनि पूरा गर्ने क्षमता रहनेछ ।
**धनु :** नयाँ काम सुरु गर्ने अनुकूल दिन छ । साथीभाइबाट सहयोग प्राप्त हुनेछ ।
**मकर :** काममा केही चुनौती आए पनि धैर्य राख्नुभयो भने सफलता प्राप्त हुनेछ ।
**कुम्भ:** नयाँ योजना तथा अवसले भविष्यका लागि राम्रो बाटो खोल्न सक्छ ।
**मीन:** काममा केही ढिलाइ भए पनि अन्ततः सफलता प्राप्त हुनेछ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**☎☎ जनकपुरधाम ०४१ ☎☎**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विमानस्थलमा निःशुल्क स्वास्थ्य सहायता कक्ष



**टुडे समाचारदाता**

वीरगञ्ज । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जको सहयोगमा बाराको सिमरा विमानस्थलमा बुधबारदेखि निःशुल्क स्वास्थ्य सहायता कक्ष सञ्चालन गरिएको छ । सो स्वास्थ्य सहायता कक्षको कलेजका अध्यक्ष प्रो. डा. जैनुद्दिन अन्सारीले एक कार्यक्रमबीच उद्घाटन गरेका हुन् ।

सरकारले अघि सारेको १०० दिने विकास कार्यक्रमअन्तर्गत देशका विमानस्थलमा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निःशुल्क स्वास्थ्य जाँच कक्ष स्थापना गर्ने कार्यक्रमअनुसार सिमरा विमानस्थलमा पनि सेवा सञ्चालनमा ल्याइएको हो ।

सुरुआती चरणमा स्वास्थ्य सहायता कक्ष बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन गरिने नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अन्सारीले जानकारी दिए । विमानस्थलमा सेवाग्राहीको चाप र आवश्यकताअनुसार आगामी दिनमा कक्ष सञ्चालनको समय थप गर्न सकिने उनले बताए ।

स्वास्थ्य सहायता कक्षबाट विमानस्थलमा कार्यरत कर्मचारी, यात्रु, सरसफाइ कर्मचारी, सुरक्षाकर्मीलगायतलाई आकस्मिक स्वास्थ्य जाँच तथा प्राथमिक उपचार सेवा उपलब्ध गराइने सिमरा विमानस्थलका प्रमुख विष्णुप्रसाद अधिकारीले जानकारी दिए ।

यात्रुमा स्वास्थ्यसम्बन्धी आकस्मिक अवस्था आएमा तत्काल मेडिकल इमर्जेन्सी केयर उपलब्ध गराउनुका साथै आवश्यक परे थप उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने व्यवस्था मिलाइने जनाइएको छ । विमानस्थलमा विपद् वा ठूलो आकस्मिक घटना भएमा नेशनल मेडिकल कलेजको डिजास्टर रेस्पोन्स टिममार्फत आवश्यक स्वास्थ्य सहयोग उपलब्ध गराइनेछ ।

स्वास्थ्य सहायता कक्षमा नेशनल मेडिकल कलेजका चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले नियमित रूपमा सेवा प्रदान गर्नेछ । विमानस्थल परिसरमै निःशुल्क स्वास्थ्य सेवा उपलब्ध भएपछि यात्रु तथा कर्मचारीलाई आकस्मिक स्वास्थ्य समस्या पर्दा तत्काल स्वास्थ्य परीक्षण, प्राथमिक उपचार तथा चिकित्सकीय परामर्श लिन सहज हुने अपेक्षा गरिएको छ ।

विमानस्थल प्रशासन र नेशनल मेडिकल कलेजको सहकार्यमा सुरु गरिएको स्वास्थ्य सहायता कक्षलाई सेवाको आवश्यकता र प्रभावकारिताका आधारमा थप व्यवस्थित गर्दै लैजाने तयारी गरिएको जनाइएको छ ।

हेल्थ डेस्कको उद्घाटन कार्यक्रममा नेशनल मेडिकल कलेजका एकेडेमिक डाइरेक्टर डा. रुबी श्रेष्ठ, एडमिशन अफेयर्स तथा मार्केटिङ डाइरेक्टर आबिद हुसेन अन्सारी, हस्पिटल डाइरेक्टर डा. ईशरत जहान लगायत कलेजका प्रशासनिक कर्मचारी, विमानस्थलका कर्मचारी, स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

# चार महिनामा ११ हजार सरकारी कर्मचारी सतर्कता केन्द्रको कारबाहीमा




काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको राष्ट्रिय सतर्कता केन्द्रले पछिल्लो चार महिनामा ११ हजार सरकारी कर्मचारीलाई कारबाही गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र साह नेतृत्वको सरकार गठन भएयता सरकारी कार्यालयहरूमा अनुशासन कायम गर्ने तथा जनगुनासो सुनुवाइको प्रक्रिया तीव्र गतिमा अगाडि बढाइएको केन्द्र सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिनुभयो । उहाँका अनुसार गत चैतदेखि साउनसम्म केन्द्रमा सरकारी कार्यालय वा कर्मचारीसँग जोडिएका उजुरी दर्ता प्रक्रिया उल्लेख्य वृद्धि भएको छ ।

प्रवक्ता भट्टका अनुसार गत चैतदेखि साउनसम्म केन्द्रमा एक हजार २९८ उजुरी दर्ता भएका थिए । जसमध्ये एक हजार ११४ वटा अर्थात् ८५.८२ प्रतिशत उजुरी फछ्यौट गरिएको छ । जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.७२ प्रतिशत विन्दुले बढी हो । केन्द्रका अनुसार विसं २०८१ चैतदेखि २०८२ साउनसम्म ५५६ उजुरी दर्ता भएकामा ४१२ वटा अर्थात ७४.१० प्रतिशत उजुरी फछ्र्यौट भएका थिए ।

वर्तमान सरकार गठन भएपछि जारी गरेको शासकीय सुधारका १०० सूचीमा कर्मचारीको आचारसंहिताको अक्षरशः कार्यान्वयन गर्ने उल्लेख थियो । सोहीअनुसार केन्द्रले कार्यालय अनुगमन र कारबाही प्रक्रियालाई कडा र व्यापक बनाएको जनाएको छ ।

केन्द्रका अनुसार गत चैतदेखि साउनसम्म ९२४ कार्यालयको अनुगमन गरिएको छ । अनुगमनका क्रममा आचारसंहिता र समय पालना नगरेका १० हजार २६८ जना, तोकिएको पोशाकमा उपस्थित नभएका ६४५ जना तथा आफ्नो कार्यकक्षमा नभेटिएका ९१ जना गरी ११ हजार चार जना कर्मचारी कारबाहीमा परेका छन् । केन्द्रले अनुशासन उल्लङ्घन गर्ने यी सबै कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायहरूलाई कडा निर्देशन दिएको छ ।

त्यसैगरी केन्द्रले २०८१ चैतदेखि २०८२ साउनसम्म कूल ३१८ कार्यालय अनुगमन गरेकामा आचारसंहिता पालना नगर्ने तथा समय पालना नगरेका २ हजार २१३ जना र तोकिएको पोशाक नलगाएका ५६२ जना गरी कुल २ हजार ७७५ जना कर्मचारीले अनुशासन उल्लङ्घन नगरेको पाइएको जनाएको छ । केन्द्रले सरकारी सेवालाई नागरिकमैत्री, अनुशासित र मर्यादित बनाउनका लागि सक्रियता बढाएको छ । केन्द्रले आगामी दिनमा छानबिन, निगरानी, अनुगमन, छड्के जाँच तथा अनुसन्धानमा डिजिटल प्रविधि, कृत्रिम बौद्धिकता (एआई) तथा डेटा विश्लेषणको प्रयोग विस्तार गर्ने कार्यदिशा तय समेत गरेको छ ।

साथै हेलो सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वयलाई थप सुदृढ बनाइनुका साथै संशोधित भ्रष्टाचार निवारण ऐनसँग सामञ्जस्य हुने गरी केन्द्रसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि तथा कार्यसञ्चालन प्रक्रियालाई अद्यावधिक गरिने समेत जनाएको छ ।

**गुनासो गर्न सकिने**

केन्द्रले सरकारी कार्यालयमा भएको अनियमितता, भ्रष्टाचारलगायतका गुनासाका सम्बन्धमा फोनमार्फत जानकारी समेत दिन सकिने जनाएको छ । केन्द्रका प्रवक्ता भट्टका अनुसार सरकारी कर्मचारीले आचारसंहिता पालना नगरेको, काम नगरेकोलगायतका केही गुनासा भए केन्द्रको हटलाइन नं ०१४२००३४५ मा फोन गरेर टिपाउन सकिन्छ । साथै कर्मचारीसँग शंकास्पद सम्पत्ति भएको पनि सूचना दिन सकिने केन्द्रको भनाइ छ । रासस

# भारतमा गाँजासहित नेपाली युवक पक्राउ




**टुडे समचारदाता**

रौतहट । भारतको बिहार राज्यस्थित मोतिहारी जिल्लामा ७५० ग्राम गाँजासहित एक नेपाली युवक पक्राउ परेका छन् ।

सुगौली थाना क्षेत्रमा लागुऔषधविरुद्ध सञ्चालन गरिएको अभियानका क्रममा भारतीय प्रहरीले बारा जिल्लाको जितपुर उपमहानगरपालिका-१ का राजन मुखियालाई पक्राउ गरेको हो ।

प्रहरी श्रोतका अनुसार मंगलबार गोप्य सूचनाका आधारमा विशेष निगरानी बढाइएको थियो । सोही क्रममा भारततर्फ जाँदै गरेका मुखियालाई नियन्त्रणमा लिँदा उनको साथबाट ७५० ग्राम गाँजा बरामद भएको थियो ।

सुगौली थानाका प्रभारी अनिश कुमार सिंहका अनुसार बरामद गाँजा नियन्त्रणमा लिएर पक्राउ परेका युवकविरुद्ध आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रारम्भिक विवरणअनुसार मुखिया जितपुर क्षेत्रबाट गाँजा लिएर भारतीय भूमितर्फ प्रवेश गरेका थिए । नेपालतर्फको सीमाबाट करिब ३५ किलोमिटर भारतीय क्षेत्रमा पुगेपछि उनी पक्राउ परेका हुन् । नेपाल-भारत खुला सीमाका कारण सीमावर्ती क्षेत्रमा लागुऔषधको ओसार पसार नियन्त्रण सुरक्षा निकायका लागि चुनौती बन्दै आएको छ ।

पछिल्लो घटनाले सीमावर्ती क्षेत्रमा हुने अवैध लागुऔषध ओसारपसार नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच थप समन्वय आवश्यक देखिएको छ ।

# लालबन्दी १३२ केभी प्रसारण लाईन अन्तिम चरणमा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा निर्माण गरिएको लालबन्दी-सलेमपुर १३२ केभी प्रसारणलाइन सञ्चालनको अन्तिम चरणमा पुगेको छ । करिब १ अर्ब रुपैयाँ लागतमा निर्माण गरिएको प्रसारणलाइन गत साउन ३० गते चार्ज गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

लालबन्दी नगरपालिका-१ नवलपुरस्थित ग्रिड सबस्टेसनबाट चक्रघट्टा गाउँपालिका-७ चैनपुरामा निर्माणाधीन ग्रिड सबस्टेसनसम्म प्रसारणलाइनमार्फत विद्युत् प्रवाह सुरु भइसकेको छ । प्रसारणलाइन पूर्ण रूपमा सञ्चालनमा आएपछि हरिपुर, हरिपुर्वा, मलंगवा, गोडैता र बरहथवा लगायत दक्षिणी सर्लाहीका क्षेत्रमा विद्युत् आपूर्ति थप व्यवस्थित हुने विश्वास गरिएको छ ।

आयोजनाअन्तर्गत पाँचवटा ३३ केभी फिडरमार्फत विद्युत् वितरण गर्ने तयारी भइरहेको छ । हरिपुर, हरिपुर्वा, मलंगवा, गरहैया-डुमरिया र बरहथवा फिडर निर्माण तथा सञ्चालनको काम अघि बढाइएको हो ।

तीमध्ये मलंगवा र हरिपुर फिडरबाट विद्युत् आपूर्ति सुरु गर्ने काम अन्तिम चरणमा पुगेको र भदौभित्रै विद्युत् प्रवाह गर्ने लक्ष्य राखिएको आयोजनाका इन्जिनियर सुशान्तकुमार ठाकुरले जानकारी दिए । प्रसारणलाइन निर्माणका लागि २०७६ सालमा सर्वेक्षण सुरु गरिएको थियो ।

निर्माणका लागि २०७९ चैत २७ गते ठेक्का सम्झौता भई २०८० वैशाख २६ गतेदेखि निर्माण सुरु गरिएको हो । २०८३ असोज मसान्तसम्म आयोजना सम्पन्न गर्ने लक्ष्यसहित सम्झौता भएको थियो । आयोजनाको निर्माण सिग्मा कन प्रालि-एमएसपीएल जेभीले गरिरहेको छ ।

आयोजनाका क्रममा टावर निर्माण हुने जग्गा तथा प्रसारणलाइनको दायाँ बायाँ नौ/नौ मिटर क्षेत्रका प्रभावित जग्गाधनीलाई ११ करोड ४० लाख रुपैयाँ मुआब्जा वितरण गरिएको छ । टावरका लागि अधिग्रहण गरिएको जग्गाबापत १० करोड र प्रसारणलाइन प्रभावित क्षेत्रका जग्गाधनीलाई १ करोड ४० लाख रुपैयाँ मुआब्जा दिइएको आयोजनाले जनाएको छ ।

नवलपुरमा १३२ केभी ग्रिड सबस्टेसन सञ्चालनमा आएपछि जिल्लाको उत्तरी तथा मध्य क्षेत्रमा विद्युत् आपूर्तिको समस्या धेरै हदसम्म सुधार भएको थियो । अब सलेमपुर सबस्टेसन पूर्ण रूपमा सञ्चालनमा आएपछि दक्षिणी क्षेत्रमा पनि विद्युत् वितरण प्रणाली थप सुदृढ हुने विश्वास गरिएको छ ।

सलेमपुर सबस्टेसन सञ्चालनमा आएपछि सर्लाहीमा १३२ केभी क्षमताका दुई ठूला ग्रिड सबस्टेसन हुनेछन् । यसअघि लालबन्दी नगरपालिका-१ नवलपुरमा करिब ४६ करोड रुपैयाँ लगानीमा १३२ केभी क्षमताको ग्रिड सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको थियो । नवलपुर सबस्टेसनले जिल्लाको उत्तरी तथा मध्य क्षेत्रमा विद्युत् आपूर्ति गर्दै आएको छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा बेंगाशिवपुर गा.वि.स. वडा नं. १ हाल परिवर्तित जनकपुरधाम उ.म.न.पा. वडा नं. १९ मा बस्ने लट्टा खत्वेको छोरा दुलारचन खत्वेले मेरो बुवा लट्टा खत्वेको नाममा साविक लगत कायम रहेकोमा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. कटरैत वडा नं. ८ कि.नं. ३४ क्षेत्रफल ०-२-० जग्गा मेरो बुवा लट्टा खत्वेको नाउँमा नै नापनक्सा भई दर्ता गर्न छुट भएकोले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी माग निवेदन रहेकोमा लट्टा खत्वेको मिति २०३० साल भन्दा अगावै मृत्यु भई निजको हकभोग खाने पत्नी लक्ष्मिनियाँ देवीको पनि मिति २०४४/१०/२४ मा मृत्यु भइसकेकोले निजहरुको हकभोग अपुताली खाने एक मात्र छोरा दुलारचन खत्वेको नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. १०२१३ मिति २०८२/०९/११ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०३/१९ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | कटरैत | ८ | ३४ | ०-२-० | कैफियत महलमा यो जग्गा लट्टा खत्वेको नम्बरी हो। । सही रामदुलार |



## बजरंग मल्टी ट्रेडिङ्ग

### जनकपुरधाम उप-महानगरपालिका-०७, धनुषा

### मुल्य सूची

यस फर्मबाट सप्लाई हुने ई-रिक्साको आ.व. २०८३।२०८४ सालका लागि मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | मोडेल | अधिकत्तम खुद्रा मुल्य |
|---|---|---|---|
| १ | ई-रिक्सा - City Life (Li Prima) | इलेक्ट्री मोटर<br>ब्याट्री पावर<br>पिक-मोटर पावर १.६२८<br>ब्याट्री ५१.२ भोल्ट 85AH | रु. २,२०,७५५।१८ |



SOS CHILDREN'S VILLAGES

## प्रस्तावना आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०४**

एसओएस बालग्राम नेपालबाट सञ्चालित समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम (Community Based Family Strengthening Programme - CBFSP) अन्तर्गत सिरहा जिल्लाको लहान नगरपालिका र कर्जन्हा नगरपालिका तथा धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिकाका नौ वटा वडाहरुमा कार्यान्वयन हुने विभिन्न विद्यालय भवनका कोठा र भान्साघर निमार्ण तथा मर्मत, खानेपानी योजना (बोरिङ, पाइपलाइन, ट्याङ्की, धारा इत्यादी), सार्वजनिक शौचालय निमार्ण, बालमैत्री तथा लैङ्गीकमैत्री संरचना निमार्ण, साना सिँचाइ योजना (बोरिङ, कुलो, पाइपलाइन इत्यादि) निमार्ण, व्यक्तिगत जिर्ण घर मर्मत लगायतका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि विज्ञ प्राविधिकको आवश्यकता भएकोले भवन निर्माण तथा खानेपानीसम्बन्धी अनुभव प्राप्त तथा इच्छुक सिभिल इन्जीनयर (Civil Engineer with experience on WASH related works) हरु बाट मिति २०८३/०५/१० साँझ ५ बजेसम्म एसओएस बालग्राम नेपालको इमेल www.procurement@sosnepal.org.np मार्फत आफ्नो प्रस्ताव पेश गर्न अनुरोध गरिन्छ । यस जिम्मेवारी सम्बन्धी कार्य विवरण (Terms of Reference) तथा थप जानकारी एसओएस बालग्राम नेपालको वेबसाईट www.sosnepal.org.np/notice बाट प्राप्त गर्न सकिनेछ ।

माथि उल्लिखित निर्माण तथा मर्मतसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न कार्य अवधि अनुमानित ४ देखि ६ महिनाको हुनेछ । यस क्रममा एसओएस बालग्राम नेपालबाट छनोट गरिने सिभिल इन्जिनियरलाई आफ्नो जिम्मेवारी वहन गर्न माथि उल्लिखित नगरपालिकाका वडाहरूमा आवश्यक भ्रमणका लागि परियोजनाको कार्यालयले मोटरसाइकल तथा इन्धन उपलब्ध गराउनेछ । साथै, सम्झौतापत्रमा उल्लिखित अवधिभरका लागि दुर्घटना बीमा एसओएस बालग्राम नेपालले गर्नेछ ।

**प्रस्तावनामा पेश गर्नु पर्ने अनिवार्य कागजातहरूः**

१. **प्रस्तावना पत्र**
   - प्रस्तावना पत्रमा आफूले जिम्मेवारी लिन सक्ने अवधि स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।
   - एसओएस बालग्राम नेपालले दिएको जिम्मेवारी बहन गरेबापत प्रतिदिनको पारिश्रमिक (नेपाल सरकारले तोकेको करसहित) रकम स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

२. व्यक्तिगत विवरण (Curricum Vitae)

३. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

४. नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी

५. स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि

**थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोलाः**

**एसओएस बालग्राम नेपाल राष्ट्रिय कार्यालय, सानोठिमी, भक्तपुर**

**सम्पर्क नम्बरः ०१-५९७०४२८**

ईमेलः procurement@sosnepal.org.np

Website: www.sosnepal.org.np/notice

वा

**परियोजनाको कार्यालय लहान नगरपालिका ६, राधा कृष्ण चोक, सिराहा**



## सत्यदिप इनर्जी एण्ड मोविलिटी प्रा. लि.

### आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३/०५/०४)

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला नगरपालिकामा सत्यदिप इनर्जी एण्ड मोविलिटी प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **सत्यदिप इनर्जी एण्ड मोविलिटी प्रा. लि.**<br>मिथिला नगरपालिका-३ धनुषा, नेपाल<br>फोनः ९८०१०१९३९० |
| प्रस्तावको व्यहोरा | यस उद्योगले विभिन्न प्रकारका ब्याट्री तथा सोलार चार्ज कन्ट्रोलर उत्पादन गर्ने उद्देश्य रहेको छ |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./ गा.पा. | धनुषा, जिल्ला, मिथिला नगरपालिका, वडा नं ३ |
| कित्ता नं | ७६, ७७, ७८, ११७ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **मिथिला नगरपालिका, वडा नं ३ को कार्यालय** | |
| **प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं** | |
| प्रस्तावकको नाम र ठेगाना | **सत्यदिप इनर्जी एण्ड मोविलिटी प्रा. लि.**<br>मिथिला नगरपालिका-३ धनुषा, नेपाल<br>फोनः ९८०१०१९३९० |
| परामर्शदाताको नाम र ठेगाना | **इलिसियन कन्सल्टिंङ सर्भिसेस प्रा. लि.**<br>मैत्रिनगर, किर्तिपुर-२, काठमाडौं, नेपाल<br>फोनः ०१-५१५४०१२ |


# अन्तर्राष्ट्रिय आउटगोइङ् कलमा एनसेलले लागू ६० सेकेन्ड पल्स दर




**टुडे समाचारदाता**

काठमाण्डू । एनसेलले मंगलबारबाट लागु हुने गरी १९८ गन्तव्य मुलुकहरुका लागि आफ्नो अन्तर्राष्ट्रिय आउटगोइङ् अर्थात बर्हिगमन कलमा ६० सेकेन्डको नयाँ पल्स दरमा लागु गरेको हो । कम्पनीले नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको साउन २२, २०८३ को स्वीकृति बमोजिम लागू गरेको हो ।

प्राधिकरणको स्वीकृति बमोजिम अब अष्ट्रेलिया, बहराइन, क्यानडा, अमेरिका, चीन, फिनल्याण्ड, डेनमार्क, फ्रान्स, जर्मनी, भारत, हङकङ, ईटाली, जापान, साउथ कोरिया, लेवनान, मलेसिया, न्युजिल्याण्ड, नर्वे, पाकिस्तान, पोल्याण्ड, कतार, रसिया, रोमानिया, साउदी अरेयिबा, सिङ्गापुर, साउथ अफ्रिका, स्पेन, स्वीडेन, स्विटजरल्याण्ड, ताइवान, थाइल्याण्ड, टर्की, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, मेक्सिको, लिबियालगायतका गन्तव्य मुलुकहरुमा यो नयाँ पल्स दर लागु भएको छ ।

नयाँ पल्स दर कायम भएका सबै मुलुकहरुको पुरा सुचि, कल तथा एसएमएसको शुल्क एनसेल वेबसाइटको 'इन्टरनेशनल कल एन्ड एसएमएस रेट' खण्डमा हेर्न सकिन्छ ।

# एक महिनामै १३४ अपराधको घटना




**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा धनुषा प्रहरीमा १३४ अपराध सम्बन्धी घटना दर्ता भएको छ।

तीमध्ये ज्यानसम्बन्धी १, चोरीसम्बन्धी ८, आत्महत्यासम्बन्धी ६, संगठित तथा आर्थिक अपराध ३१, सामाजिक अपराध ३२, महिला तथा बालबालिकासम्बन्धी अपराध १० र सवारी ज्यानसम्बन्धी ३९ वटा घटना रहेका छन्।

प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले अपराध नियन्त्रणका लागि दैनिक गस्ती, नियमित चेकजाँच, सीमा क्षेत्रमा भारतीय समकक्षी निकायसँग समन्वय तथा अपराधको स्वरूप विश्लेषण गरी लक्षित सुरक्षा योजना कार्यान्वयन गरिएको जानकारी दिए।

उनका अनुसार साउनमा चालु मुद्दाका ८७ जना प्रतिवादी पक्राउ परेका छन् । धनुषामा चालु मुद्दातर्फ १ हजार २७९ जना प्रतिवादी पेन्डिङमा रहेकामा १४० वटा मुद्दा फछ्र्योट भएको प्रहरी विवरणमा उल्लेख छ।

फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले उल्लेख्य संख्यामा फरार व्यक्ति पक्राउ गरेको छ। साउनमा १९० जना पक्राउ गरी अदालतबाट तोकिएको ८८ वर्ष २१ दिन कैद तथा २४ लाख ३० हजार १७८ रुपैयाँ जरिवाना कार्यान्वयनका लागि सहयोग गरिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरीको संख्या साउनमा १०५ रहेको छ । तीमध्ये घरेलु हिंसासम्बन्धी उजुरी उपमहानगरपालिकाबाट ४४, नगरपालिकाबाट ४३ र गाउँपालिकाबाट १८ वटा आएका थिए। प्रहरीले ९५ वटा उजुरीमा मिलापत्र गराएको जनाएको छ।

यस्तै, प्रहरी कार्यालयमा प्रत्यक्ष रूपमा ७६८ वटा ठाडो उजुरी परेकोमा ४७५ वटा फछ्र्योट भएका छन् । जिल्ला प्रशासन कार्यालयमार्फत आएका ३३ उजुरीमध्ये १७ वटा फछ्र्योट भएका छन् । दुवै जोड्दा ८०१ उजुरीमध्ये ४९२ वटा फछ्र्योट भएको प्रहरीको तथ्यांक छ।

धनुषा प्रहरीले साउनमा लागूऔषध नियन्त्रणलाई प्राथमिकतामा राखेको जनाएको छ। प्रहरीका अनुसार साउन महिनामा १९ किलो ३९८ ग्राम गाँजा र १३५ दशमलव ४४६ ग्राम ब्राउन सुगर (खैरो हेरोइन) बरामद गरिएको छ । साथै विभिन्न औषधिजन्य लागूऔषधसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

### सवारी दुर्घटनामा ५ जनाको मृत्यु

साउनमा धनुषामा ८७ वटा सवारी दुर्घटना भएका छन् । दुर्घटनामा ५ जनाको मृत्यु र १४५ जना घाइते भएका छन्। दुर्घटनामा १३१ वटा सवारीसाधन संलग्न रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार दुर्घटनाको प्रमुख कारणमध्ये चालकको कारणबाट २३, यात्रु तथा सवारको कारणबाट ४४, पैदलयात्रीको कारणबाट १ र सडकको अवस्थाका कारण १८ वटा दुर्घटना भएका छन्। यसै अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने ६११ वटा सवारीसाधनलाई कारबाही गरी ६ लाख ८७ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ।

### ४१ लाखको सामान बरामद

भन्सार छली नियन्त्रणअन्तर्गत करिब ४१ लाख ६६ हजार १४० रुपैयाँ बराबरको अवैध सामान बरामद धनुषा प्रहरीले गरेको छ । सो क्रममा दुई जना पक्राउ परेका छन् । अवैध हातहतियारतर्फ भने कुनै हतियार बरामद नभएको प्रहरीको तथ्यांक छ।

प्राकृतिक सम्पदा दोहन नियन्त्रणतर्फ २६ वटा ट्र्याक्टर नियन्त्रणमा लिई १ लाख ३० हजार रुपैयाँ जरिवाना गरिएको छ। त्यस्तै, अवैध मदिरा नियन्त्रणअन्तर्गत ४१५ लिटर मदिरा बरामद गरी दुई जनालाई पक्राउ गरिएको छ।

शान्ति सुरक्षा कायम गर्न साउन महिनामा धनुषा प्रहरीले मोबाइल, पैदल तथा ग्रामीण गस्ती, चेकिङ र पिकेटिङ लगायतका गतिविधिमा ठूलो संख्यामा जनशक्ति परिचालन गरेको छ।

विभिन्न नियमित सुरक्षा ड्युटीमा गरी २८ हजार २१९ पटक जनशक्ति परिचालन गरिएको प्रहरीको तथ्यांक छ । बन्द, हड्ताल, चक्काजाम, आन्दोलन, मेला, पर्व तथा जात्रालगायत विशेष परिस्थितिमा समेत १ हजार ४८५ जना प्रहरी परिचालन गरिएको जनाइएको छ।

## मधेशमा बालिका बलात्कार घटना बढ्दो

# गरिमा घटनामा दुई पक्राउ, प्रहरी प्रशासनमाथि उठाइयो प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बलात्कार घटना निकै बढेको छ। खासगरी बालबालिका नै बढी शिकार हुने गरेको पछिल्लो तथ्यांक र घटनाले देखाउँछ । बालिकाहरुलाई ललाई फकाई बलात्कार गरी हत्या गर्ने क्रम पनि बढेको बाराको जितपुर सिमरा उपमहानगरपालिकामा घटनाले देखाउंछ।



जितपुर सिमरा उपमहानगरपालिका-१ दशधुरेस्थित आफ्नै घरबाट साउन ३१ गतेदेखि हराएकी नर्सरीमा अध्ययनरत चार वर्षीया गरिमा चौधरी मंगलबार खाली घरमा कपडाको पोकोमा मृत अवस्थामा फेला परेकी थिइन् । प्रहरीका अनुसार बालिकाको शव घरदेखि करिब दुई सय मिटर टाढा रहेको एउटा खाली घरमा फेला परेको हो ।

उनको हत्या आरोपमा बारा प्रहरीले बालिका खोज्ने प्रहरीसँगै खटिएका सुमन थापा र उनका सहकर्मी प्रोग्रेस चौधरीलाई पक्राउ गरेका छन्। शव फेला परेपछि प्रहरीले तालिमप्राप्त कुकुरसहित अनुसन्धान अघि बढाइएको थियो।

प्रहरीका अनुसार सुमनले बालिकामाथि बलात्कार गरी हत्या गरेको स्वीकार गरेका छन्। यद्यपि, घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सुमन वीरगञ्ज-पथलैया रुटमा चल्ने म्याजिक भ्यानका सहचालक हुन् । उनले काम गर्ने ना.१ ज ७७५८ नम्बरको गाडीका चालक प्रोग्रेस चौधरीलाई पनि प्रहरीले अनुसन्धानका लागि पक्राउ गरेको छ।

प्रहरीले घटनामा सुमनको मात्रै संलग्नता रहेको प्रारम्भिक बयानबाट खुलेको जनाएको छ । बालिका बेपत्ता भएपछि परिवार र स्थानीयले खोजी गरिरहेका थिए। पछि गाउँकै एक खाली घरबाट दुर्गन्ध आउन थालेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरीले खोजी गर्दा बालिकाको शव फेला पारेको हो।

प्रारम्भिक अनुसन्धानबाट बालिकालाई जितपुरसिमरा-२ बस्ने भीमसेन थापाका करिब १६ वर्षीय छोरा सुमन थापाले चकलेट दिएर ललाई-फकाई घटनास्थलमा लगेको बलात्कार गरी हत्या गरेको खुलेको प्रहरीले जनाएको छ।

### हत्याको विरोधमा प्रदर्शन

बालिकाको हत्या विरोधमा स्थानीयले बुधबार सिमरामा प्रदर्शन गरेका छन् । इलाका प्रहरी कार्यालय सिमरा अगाडि भेला भएका प्रदर्शनकारीले घटनामा संलग्नलाई कडा कानुनी कारबाही गर्न माग गरेका छन्।

प्रदर्शनका क्रममा स्थानीयले वीरगञ्ज-पथलैया सडकखण्डसमेत अवरुद्ध गरेका छन् । घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कडा सजाय दिनुपर्ने उनीहरूको माग छ । प्रहरीले भने पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान अघि बढाएको जनाएको छ।

### प्रहरीको भूमिकामाथि प्रश्न

गरिमाको घटनालाई लिएर प्रतिनिधिसभामा सांसदहरूले प्रहरी प्रशासनको भूमिकामाथि प्रश्न उठाउँदै दोषीमाथि कडा कारबाहीको माग गरेका छन्। बुधबार बसेको प्रतिनिधिसभा बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद रहबर अन्सारीले बालिका हराएको जानकारी प्रहरीलाई गराएपछि पनि लामो समयसम्म खोजी तथा अनुसन्धानमा प्रभावकारी कदम नचालेको आरोप लगाएका छन।

उनका अनुसार बालिका हराएको सूचना दिएको २४ घण्टासम्म इलाका प्रहरी कार्यालय सिमराबाट प्रभावकारी खोजी वा कारबाही अघि बढ्न नसकेको देखिएको छ । उनले घटनामा प्रहरी प्रशासनको कमजोरी भएको प्रश्न उठाउँदै प्रहरीविरुद्ध छानबिनको माग गरे।

### १०१ बालिका बलात्कृत

देशभरमा वर्षेणी एक हजारदेखि डेढ हजारसम्म हुने बलात्कार र यौनजन्य हिँसा घटना मध्ये झण्डै एक तिहाई मधेश प्रदेशकै रहेको छ । मध्ये मधेश प्रदेशमा कुल २२४ बलात्कारको घटना मध्ये १ सय १ जना बालिका नै रहेको छ। इन्सेकद्धारा प्रकाशित मानवअधिकार वर्ष २०२६ को तथ्यांक अनुसार वर्ष २०२५ मा २२४ बलात्कारको घटना भएको छ भने यी मध्ये मध्ये १७ वटा सामूहिक बलात्कारको घटना रहेको छ।

बलात्कार प्रयासको घटना मात्रै ७३ वटा रहेको छ। यौनजन्य हिँसाको घटना ७३ वटा रहेको जसमध्ये बालबालिका मात्रै ५९ जना रहेको सो तथ्यांकले देखाउंछ। वर्ष २०२५ मा सबभन्दा बढी बलात्कारको घटना धनुषा जिल्लामा भएको हो तथ्यांक अनुसार धनुषामा बालिका १२ महिला ५८ गरी ७० वटा बलात्कारको घटना भएको हो । बलात्कार प्रयासको घटना धनुषामा ४३ वटा रहेको छ।

सप्तरीमा ८ वटा बलात्कार घटना मध्ये सबै बालिका नै हुन्। सिरहामा ३२ घटना मध्ये बालिकाको १५ र महिलाको १५ रहेको छ भने महोत्तरीमा ३१ घटना मध्ये १५ बालिका र १६ महिला रहेका छन् । यस्तै सर्लाहीमा ३१ वटा बलात्कार घटना भएको जसमध्ये २४ बालिका नै रहेको छ भने रौतहटको ९ घटनामा ३ बालिका र ६ महिला, बारामा १६ मध्ये ९ बालिका पिडित भएकी छिन् । पर्सामा २७ घटना मध्ये १५ वटा बालिका बलात्कृत भएको तथ्यांकमा उल्लेख छ।

# पर्यटन क्षेत्रको प्रबर्द्धनमा मधेशका व्यवसायी अग्रसर

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको आर्थिक राजधानीको रुपमा स्थापित महाराष्ट्र प्रान्तको मुम्बईस्थित सर्वाधिक महँगो जिओ वर्ल्ड कन्भेन्सन केन्द्र( ब्य ध्यचमि ऋयलखभलतष्यल ऋभलतचभ ० बिहिवारदेखि आयोजना हुन लागेको तीन दिवसिय फेयरमा सहभागि हुन होटेल तथा पर्यटन महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको नेतृत्वमा बुधबार होटेल व्यवसायीहरुको पाँच सदस्यीय टोली त्यस तर्फ प्रस्थान गरेको छ।



नेपालमा आउने भारतीय पर्यटकहरुलाई आकर्षित गर्न होटेल तथा पर्यटन व्यवसायीहरुले महाराष्ट्रका होटेल तथा पर्यटन व्यवसायीहरुसित सहकार्य गर्ने वातावरण बनाउन महत्वपूर्ण छलफल गर्ने बताइएको छ।

महाराष्ट्रबाट नेपालमा वार्षिक भारी संख्यामा हिन्दू पर्यटकहरु नेपाल आउने गर्छन् ।नेपाल आउने महाराष्ट्रको पर्यटकहरु मध्ये अधिकांश पर्यटक जनकपुरधाम आउने गर्छन्।

मधेश प्रदेश सरकारबाट पूर्ण उपेक्षित रहेको होटेल तथा पर्यटन व्यवसायको प्रबर्द्धनमा व्यवसायीहरु स्वयं अग्रसर भएका छन् ।मधेश प्रदेशमा होटेल तथा पर्यटन व्यवसायको प्रचुर संभावना रहेको छ ।प्रदेशको राजधानी जनकपुरधाममा नै धमाधम होटेलहरुखुल्नथालेकाछन्।हजारौ मानिस प्रत्यक्ष ,परोक्ष रुपमा होटेल तथा पर्यटन व्यवसायसित जोडिएका छन्।

महाराष्ट्रका होटेल तथा पर्यटन व्यवसायीहरुसित सहकार्यको वातावरण बने नेपालमा खर्च गर्न सक्ने पर्यटकहरुको संख्यामा उल्लेख्य बृद्धि हुने विश्वास अध्यक्ष गौतमको छ । तीन दिनसम्म सञ्चालन हुने टीटीएफमा पर्यटन बोर्ड, ट्राभल कम्पनी, होटल, एयरलाइन्स, डीएमसी लगायत पर्यटन क्षेत्रका व्यवसायी तथा प्रतिनिधिहरूको सहभागिता रहनेछ । कार्यक्रममा विभिन्न देश तथा भारतका विभिन्न राज्यबाट पर्यटन व्यवसायीहरूको सहभागिता रहने आयोजकले जनाएको छ।

कार्यक्रममा होटेल तथा पर्यटन व्यवसायीहरूको सहभागिताले प्रदेशको पर्यटन प्रवर्द्धन, धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रचार-प्रसार र अन्तर्राष्ट्रिय तथा भारतीय पर्यटन व्यवसायीसँग व्यावसायिक सम्बन्ध विस्तार गर्न महत्वपूर्ण योगदान पुग्ने सहभागि दिपेन्द्र पराजुलीले जनाएका छन्।

'मधेशको पर्यटकीय गन्तव्यबारे अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न आवश्यक भएको छ ' उनले भने, मधेश प्रदेशको लागि पर्यटन व्यवसायलाई प्रबर्द्धन गर्न सके धेरै हद सम्म बेरोजगारीको समस्या समाधान हुन सक्छ।

मुम्बई प्रस्थान गर्न लागेका पर्यटन व्यवसायीहरूलाई जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, निवर्तमान अध्यक्ष जितेन्द्र महासेठ, महासचिव फुलदेव पण्डित लगायत कार्यसमितिका सदस्यहरुले विदाई सम्मान गरेका थिए । उनीहरुले भ्रमणको सफलताको शुभकामना व्यक्तगर्दै पर्यटन प्रबर्द्धनमा यात्रा फलदायी हुने विश्वास व्यक्त गरे।

भ्रमण टोलीले मुम्बईको कार्यक्रमपछि गुजरातको सुरतमा आयोजित फेयरमा सहभागि हुने बताइएको छ।

भ्रमण टोलीमा गौतम होटेलका सञ्चालक हिरा गौतम, अञ्जनी सुईट होटेलका सञ्चालक निरज कुमार यादव, शिशमहल होटेलका सञ्चालक दिपेन्द्र पराजुली , वेलकम होटेलका सञ्चालक विजय झुनझुनबाला र कोमल होटेलका सञ्चालक तेजनारायण साह रहेका छन्।

**नागरिकमैत्री: सार्वजनिक सेवा**

- सेवाग्राही प्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारिता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिक केन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८